म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २३६ शनिबार २४ चैत २०८० ने. सं. ११४४ चिल्लागा 6 April 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

साझाकुरा

www.sajhakuranews.com राष्ट्रिय दैनिक

**शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं**

☞ खुल्ला स्थानमा दिसापिसाब नगरौं ।
☞ शौचालयमा मात्र दिसापिसाब गरौं ।
☞ दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं ।
☞ हरकेला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
☞ सफा कपडा वा तौलियाले हात पुछौं ।
☞ जीवाणुलगायतको संक्रमणबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बागमतीको मन्त्रालय बाँडफाँडमा हानथाप

साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/ बागमती प्रदेशमा मन्त्रालय बाँडफाँडको विषयलाई लिएर सत्ता गठबन्धनभित्र हानथाप भएको छ ।

बागमतीमा १२ वटा मन्त्रालय १३ जना मन्त्री छन् । मुख्यमन्त्री शालिकराम जम्कट्टेलले १९ चैतमा एकीकृत समाजवादीबाट रमा आलेमगरलाई विनाविभागीय मन्त्री नियुक्त गरेपछि गठबन्धन दलमा मन्त्रालय बाँडफाँडको विषयमा हानथाप भएको हो । नेकपा एमालेले ठूलो दलको हैसियतमा पाँचवटा मन्त्रालय लिनुपर्ने तर्क प्रस्तुत गरेको छ भने एकीकृत समाजवादीले तीनवटै मन्त्रालय चाहिने वा दुईवटामै चित्त बुझाउन परे मन्त्रालय संख्या ११ वटामा कायम गर्नुपर्ने अडानमा बसेको छ ।

विश्वासको मत दिनका लागि १९ चैतमा प्रदेशसभा बैठकमै नआएकी मगरलाई जम्कट्टेलले पछि मन्त्री पद थमाईदिएका थिए । एकीकृत समाजवादीले मगरलाई मन्त्रालयको जिम्मेवारी दिनुपर्ने अडान लिएको छ भने मुख्यमन्त्री जम्कट्टेलको दल माओवादी केन्द्रले हाल रहेका दुई मन्त्रालयबाटै मगरलाई व्यवस्थापन गर्नुपर्ने आग्रह गरेको छ ।

तर, एकीकृत समाजवादीले एमालेले लिएको पाँचवटा मन्त्रालयमा एउटा छोड्नुपर्ने जनाएको छ । जसकारण एमाले र एकीकृत समाजवादीबीचको राजनीतिक तित्तता सरकारभित्र पनि देखा परेको छ । प्रदेशको मन्त्रालय भागबण्डा र न्यूनतम साझा कार्यक्रम निर्माणका सम्बन्धमा गठित कार्यदलको काठमाडौंमा शुक्रबार भएको वार्ता मन्त्रालय बाँडफाँडको विषय नमिल्दा बिनानिश्कर्ष टुंगिएको छ ।

बैठकमा एमालेले मुख्यमन्त्रीले मन्त्रालय संख्या भन्दा माथि गएर मन्त्री नियुक्त गरेको विषयमा प्रश्न उठाएको छ भने एकीकृत समाजवादीले तीनवटै मन्त्रालय पाउनुपर्ने वा ११ वटा मात्रै मन्त्रालय कायम गर्नुपर्ने अडान लिएको छ । एकीकृत समाजवादीले यसअघिको सरकारमा भागबण्डा अनुसार पाएको श्रम, रोजगार तथा यातायात मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा चित्त बुझाउन परे एमालेले पनि पाँचबाट झरेर चारवटा मन्त्रालय मात्रै लिनुपर्ने र सरकारमा ११ वटा मात्रै मन्त्रालय कायम गर्नुपर्ने विषय उठाएको हो ।

एकीकृत समाजवादीका सांसदसमेत रहेका कार्यदल सदस्य बसन्त मानन्धरले कि तीनवटै मन्त्रालय पाउनुपर्ने वा दुईवटा मात्रै लिनुपर्ने अवस्थामा ११ सदस्यीय मन्त्रिपरिषद् बनाउनपर्ने अडान लिएको स्वीकारे । 'हामीले दुईवटा मात्रै मन्त्रालय लिनुपर्दा हामी ११ वटा मन्त्रालय संख्यामा आउँछौं । ११ वटा मात्रै मन्त्रालय हुँदा कुन दलले छोड्ने भन्ने कुरा उहाँहरुको भयो । दल विशेष हामी नाम लिन चाहन्नौं,' मानन्धरले भने ।

एकीकृत समाजवादी दुईवटा मन्त्रालयमा मात्रै सीमित हुन सक्ने र त्यसको लागि सबै दल तयार हुनुपर्ने उनको भनाई छ । लिइसकेको मन्त्रालय छोड्न अन्य दल सहमत नभए एकीकृत समाजवादीले थप एउटा मन्त्रालय दिएर मन्त्रालय संख्या १३ वटा बनाउनुपर्ने मानन्धरले बताए ।

मगरले सपथ लिएकै दिन अर्थात २० चैतमा एमालेले दिउँस थप चार मन्त्रीको सपथ गराएको थियो । एमालेले बाँकी चारवटै मन्त्रालयमा मन्त्री पठाएपछि एकीकृत समाजवादीकी मगर हालसम्म विनाविभागीयमै सीमित छिन् । मन्त्रालय बाँडफाँडमा एमाले र एकीकृत समाजवादीबीच राजनीतिक तिक्तता देखिएको हो भन्ने प्रश्नमा मानन्धरले लामो हाँसोसहित भने, 'छैन, छैन त्यस्तो द्वन्द्व छैन । हामी छलफलमै छौं, मिलाउँछौं, ।'

कार्यदल सदस्यसमेत रहेका एमाले बागमती प्रदेशका मुख्यसचेतक मधुसुदन पौडेलले मन्त्रालय बाँडफाँडको विषय मुख्यमन्त्री र एकीकृत समाजवादीले टुंगो लगाउनुपर्ने बताए । 'विनाविभागीय मन्त्री बनाएपछि उहाँ (एकीकृत समाजवादी) हरुबाट कसलाई राजीनामा गराएर पठाउने भन्ने विषय मुख्यमन्त्री र उहाँहरुकै हो । मुख्यमन्त्री र उहाँहरुबीच के कुरा भएको हो ? त्यो हामीलाई थाहा छैन । त्यो हाम्रो विषय पनि हैन,' पौडेलले भने । एमालेले १३ वटा मन्त्रालय हुनै नसक्ने विषय प्रष्टसँग राखेको पौडेलले जनाए ।

कार्यदल सदस्य माओवादी केन्द्रका मुख्यसचेतक रतनप्रसाद ढकालले मन्त्रालय बाँडफाँडको विषय टुंगो लगाउन प्रयासरत् रहेको बताए । एमालेले १२ वटै मन्त्रालयमा कायम गर्नुपर्ने र एकीकृत समाजवादीले १२ वटा कायम हुने भए एउटा थपेर १३ वटा बनाउनुपर्ने अडान लिएको ढकालले जानकारी दिए । एमालेसँग पूर्ववत् सहमति अनुसार ११ वटै मन्त्रालय कायम गर्न प्रयासको लागि आग्रह गरिएको र केही दिनमा समाधान निकाल्ने उनले विश्वास लिए ।



# करको पत्राचारले हेटौंडाका व्यवसायी आतंकित

साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/ मकवानपुर उद्योग वाणिज्य संघले शुक्रबार एक दिवसीय मूल्य अभिबृद्धि कर (भ्याट) सम्बन्धी अन्तरक्रिया गरेको छ । संघका अध्यक्ष कृष्णकुमार गुप्ताको अध्यक्षतामा भएको अन्तर क्रियामा आन्तरिक राजश्व कार्यालय, हेटौंडाका प्रमुख करअधिकृत तुलसीप्रसाद भट्टराईको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा संघका निवर्तमान अध्यक्ष तथा केन्द्रीय सदस्य कृष्ण कटुवाल र आन्तरिक राजश्व कार्यालय, हेटौंडाका कर अधिकृत प्रेमप्रसाद तिम्सिनाको आतिथ्यता रहेको थियो । अन्तरक्रिया कार्यक्रमलाई संघका कार्यसमिति सदस्य प्रदीप अर्यालले संयोजन गरेको कार्यक्रममा कर अधिकृतद्वय तिम्सिना र सुमन आचार्यले सहजीकरण गरेका थिए । कार्यक्रममा मकवानपुरका उद्योगी/व्यवसायीको सहभागिता थियो । आन्तरिक राजश्व कार्यालय, हेटौंडाबाट उद्योगी/व्यवसायीलाई गरिएको पत्राचारले उद्योगी/व्यवसायी केही आतंकित भएको आफूले पाएको र आन्तरिक राजश्व कार्यालय हेटौंडाबाट नियमको परिपालना गराउने प्रयत्न भइरहेको संघका अध्यक्ष गुप्ताले बताए ।

कार्यक्रममा प्रमुख कर अधिकृत भट्टराईले भ्याटसम्बन्धी सामान्य प्रावधानको कारण केही उद्योगी/व्यवसायीलाई पछिल्लो समय पत्राचार गरिएको बताए । उनले हरहिसाव ठीकसँग राखेका उद्योगी/ व्यवसायीले चिन्ता गर्नु नपर्ने, भ्याटमै गएपनि भ्याट सम्बन्धी जानकारी लिई कारोवार गरेमा समस्या नहुने, पानमा भएका व्यवसायी र भ्याटमा भएका व्यवसायी बीच नाफाघाटाको खासै अन्तर नहुने, पानमा दर्ता हुदैमा हरहिसाव राख्नु नपर्ने तर, भ्याटमा गएपछि राख्नुपर्ने भन्ने आम बुझाइ गलत रहेको, उद्योगी/व्यवसायीलाई आवश्यक्ता परेमा नियमित रुपमा समय मिलाएर प्रशिक्षण गर्न सकिने बताए ।

कार्यक्रममा सहजिकरण गर्दै करअधिकृत तिम्सिनाले स्थायी लेखा नम्बर लिनुपर्ने कारण र लिएपछि पालना गर्नुपर्ने कुराहरु, मदिरा व्यवसायीले पालना गर्नुपर्ने सर्तहरु, करपाटीको प्रकृति र उपयोगिता, डे १, डे २, डे ३ र डे ४ भर्ने प्रयोजन, मूल्य अभिवृद्धि करमा दर्ता, मूल्य अभिवृद्धि करमा करकट्टी, दर्ता हुँदाका बखत मौज्दातमा रहेको कर लाग्ने कारोवारमा प्रयोग हुने वस्तुमा तिरेको वा तिर्नुपर्ने करकट्टी गर्ने व्यवस्था, करकट्टी गर्न नपाइने वस्तु तथा सेवा, नोक्सानी भएको वस्तुमा तिरेको करकट्टीसम्बन्धी व्यवस्था, कर सहभागिता मोडेल, मूल्य अभिवृद्धि कर दर्ताखारेजी, स्थायी लेखा नम्बर स्थगन प्रक्रिया जस्ता विषयमा जानकारी गराए ।

छलफलमा मकवानपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, महासचिव दीपक उप्रेती, सल्लाहकार महेन्द्र राउत, कार्यसमिति सदस्य तेजराज अधिकारी, सहभागितको तर्फबाट कृषिउपज व्यवसायी हरिशरण अधिकारी, पोल्ट्री व्यवसायी तीर्थराज तिमल्सिना, मनहरीका कपडा व्यवसायी दीपकप्रसाद रिमालगायतले आफ्नो भनाई राखेका थिए ।

# हेटौंडामा यु-१६ साइकल दौडमा २५ जना सहभागी हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/ हिमालयन राइडर्स सोसाइटी मकवानपुरले हेटौंडामा पहिलोपटक १६ वर्ष मुनिका साइकलचालकबीच प्रतियोगिता आयोजना गर्ने भएको छ ।

मकवानपुरभित्र स्थायी बसोबास गर्ने, १० वर्षदेखि १६ वर्ष उमेरसमूहका बालबालिकाबीचमा प्रतियोगिता आयोजना गरिने सोसाइटीका अध्यक्ष रामकुमार श्रेष्ठले जानकारी दिएका छन् । प्रतियोगिताका बिजेता खेलाडीले नगद, कप, मेडल तथा प्रमाणपत्र पाउनेछन् । प्रथम हुनेले ५ हजार रुपैयाँ, दोस्रो हुनेले ३ हजार रुपैयाँ, तेस्रो हुनेले २ हजार रुपैयाँ नगद पाउने सोसाइटीका अध्यक्ष श्रेष्ठले बताए ।

प्रतियोगिताका सहभागी हुन चाहने साइकलचालकले हरिकुञ्ज रोडस्थित सोसाइटीको कार्यालयमा २ सय रुपैयाँ शुल्क तिरेर नाम दर्ता गराउन सक्ने ब्यवस्था गरिएको थियो । शुक्रबार साँझसम्ममा २५ जनाले प्रतियोगिताका लागि नाम दर्ता गराएका छन् । सोसाइटीका सदस्यहरुले ब्यक्तिगत लगानीबाट प्रतियोगिता आयोजना गर्न लागिएको बताइएको छ । सोसाइटीले स्वास्थ्य र पर्यावरणका लागि साइकल प्रयोग गर्न प्रेरित गर्दै आएको छ । सोसाइटीको स्थापना भएको ३ वर्ष भएको छ ।

सोसाइटीले संयोजन गरेर रसुवागढी (तिब्बतको केरुङ नाका) देखि पर्साको ठोरी नाकासम्म १० जनाले उत्तरदक्षिण साइकलयात्रा, १३ जनाको सहभागितामा मेचि-महाकाली साइकलयात्रा सम्पन्न गरिसकेको छ ।

# बकैयामा दुईदिने स्वास्थ्य शिविर सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/ मकवानपुरको बकैया गाउँपालिकामा दुई दिने स्वास्थ्य शिविरको उद्घघाटन भएको छ । बकैया गाउँपालिका-४ गरगरेमा बिपि चिन्तन प्रतिष्ठान केन्द्रीय कार्यालय काठमाडौंद्वारा आयोजित निशुल्क स्वास्थ्य शिविरको शुक्रबार एक कार्यक्रमबीच उद्घघाटन भएको हो ।

बकैया गाउँपालिका स्थानीय आयोजक रहेको कार्यक्रममा नेपाल परिवार नियोजन संघ मकवानपुर शाखा र हेटौंडा-२ स्थित निको अस्पताल प्रालिको प्राविधिक सहयोग रहेको थियो । स्वास्थ्य शिविर उद्घाटनमा बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेको सभाध्यक्षता तथा नेपाली कांग्रेसकी नेतृ डीना उपाध्यायको प्रमुख आतिथ्यता रहेको थियो ।

दुई दिने स्वास्थ्य शिविरमा डा.नरेन्द्र मैनाली, डा.अमृत घिमिरे, डा.पवित्रा श्रेष्ठ, डा.बलराम विष्ट, डा.गौरव पन्थ, डा.विवेक नेपाल, डा.लुना गौतम, डा.राजेम श्रेष्ठ र डा.सपना घिमिरेलगायत विशेषज्ञ डाक्टरद्वारा सबै किमिसका रोगको उपचार गरिने छ । कार्यक्रममा बोल्दै प्रमुख अतिथि उपाध्यायले लिभर, मिर्गौला र क्यान्सरका बिरामी बढ्दै गएकोले राज्यको हरेक तहले नि:शुल्क उपचारको व्यवस्था गर्नुपर्ने बताइन् ।

राज्यले दीर्घरोगीलाई उपचारमा सेवा सुविधा दिदै आएको बताउदै राज्यले दिने सुबिधा बारे ज्ञान नभएको कारण जनता माग्ने हुनुपरेको बताउँदै उनले जनप्रतिनिधिले जनतालाई राज्यको सेवासुबिधाप्रति चनाखो बनाउन पर्नेमा जोड दिइन् । बिपि प्रतिष्ठानले सुरु गरेको शिविर लाई अझै दुर्गम भेगमा पुऱ्याउन र सेवा गर्न आफूले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिन् । नेतृ डीनाले जनताको पक्षमा सधै उभिएर निष्ठाका साथ काम गरिरहने प्रतिबद्धता गरिन् ।

कार्यक्रममा बिपि चिन्तन प्रतिष्ठान केन्द्रीय कोषाध्यक्ष एवम् स्वास्थ्य शिविर संयोजक ध्रुवबहादुर पाण्डे, गाउँपालिका उपाध्यक्ष भक्तबहादुर खत्री, नेपाली कांग्रेस पूर्वसभापति रघुरमण न्यौपाने, बकैया गाउँपालिका निवर्तमान अध्यक्ष दामोदर खनाल, उपाध्यक्ष सरला बोलखे, नेकपा माओवादी जिल्ला कमिटी सदस्य लोकनाथ गौतम, नेकपा एमाले अध्यक्ष गोपाल दाहाल, नेपाली कांग्रेस नेता आनन्दराम पराजुली, बिपि चिन्तनका सदस्यहरु, गाउँपालिकाका स्वास्थ्यकर्मीलगायतको उपस्थिति थियो ।

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

Education is the real treasure

ADMISSIONS OPEN FOR 2081
From Nursery to Grade 9

Scholarships
a feature of socially responsible institution ....



Madhav Raj Sumargi Memorial Scholarship based on
Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on
Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on
Students' Rank 39+Seats

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547

ENTRANCE
24 Chaitra 2080

www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

विज्ञान/प्रविधि

# कति छ पृथ्वीको वजन ? वैज्ञानिकहरू बीचमै विवाद

पृथ्वीमा चट्टान तथा धातु जस्ता विभिन्न अजैविक पदार्थका साथै जिवजन्तु लगायतका विभिन्न जैविक तत्वहरु पनि छन् । यसका साथै अनगिन्ती मानव निर्मित तथा प्राकृतिक संरचनाहरु पनि यहाँ छन् । हरेक वर्ष मानव निर्मित संरचनाहरुको संख्या वृद्धि भइरहेको छ । यस्तो अवस्थामा हाम्रो पृथ्वीको कुल वजन आखिर कति होला ?



यसको जवाफमा हालसम्म पनि सबैको मतैक्य हुन सकेको छैन । वास्तवमा पृथ्वीको वजन उसको गुरुत्वाकर्षण शक्तिमा निर्भर गर्दछ । अर्थात् यसको वजन लाखौं करोड किलोग्राम हुनसक्छ । यदि नासाको दाबीलाई मान्ने हो भने पृथ्वीको वजन ५.९७२२ गुणा १०२४ केजी छ । यसलाई १३.१ सेप्टिलियन पाउण्ड पनि भनिन्छ ।

उसो त पृथ्वीको वजन केही तलमाथि भइनै रहन्छ । यसो हुनुमा अन्तरिक्षबाट आउने धुलो तथा वायुमण्डलबाट बाहिर निस्किने विभिन्न प्रकारका ग्याँसहरू हुन् । तथापि यसबाट हाम्रो ग्रहको वजनमा अर्बौं वर्षसम्म ठूलो अन्तर पनि आउने छैन । विश्वका भूवैज्ञानिकहरु आज पनि पृथ्वीको यकिन वजनका विषयमा एकमत छैनन् । किनकि कसैले पनि कुल वजनको सटिक तथ्यांक दिन सकेका छैनन् ।

वैज्ञानिकहरुको बीचमा वजनलाई लिएर दशमलबका अंकसम्मको बहस छेडिन्छ । पृथ्वीको सटिक वजन त निकाल्न सकिने कुरा भएन । अमेरिकाको नेशनल इन्स्टिच्यूट अफ स्टाण्डर्ड एण्ड टेक्नोलोजीका नापतौल विज्ञ स्टिफन श्लेमिंगरका अनुसार यसमा न्युटनको गुरुत्वाकर्षणको नियम लागु हुन्छ ।

अर्थात् पृथ्वीमा रहेका हरकोही चिजको वजन भनेको उसको गुरुत्वाकर्षण शक्ति हो । यसका अलावा दुईवटा फरक-फरक वस्तुहरुको बीचमा पनि यस्तो शक्ति विद्यमान हुन्छ । यही सुत्रबाट दुईवटा वस्तुहरुको बीचको गुरुत्वाकर्षण शक्तिको मापन गरिन्छ र उसको वजन निकालिन्छ । यसका लागि दुई वस्तुहरु बीचको दूरी तथा गुरुत्वाकर्षण शक्तिको गणना गरिन्छ ।

**केभेन्डिस सुत्रबाट वजनको गणना**

यो सुत्र अनुसार नै वैज्ञानिकहरुले पृथ्वीको वजनको गणना गरे । तर यसमा पनि एउटा समस्या छ, त्यो के भने उक्त वजन पृथ्वीको सतहबाट लिइएको हो । यद्यपि कसैले पनि G number को सही मान पत्ता लगाएनन् ।

सन् १७९७ मा वैज्ञानिक हेनरी केभिन्डिसले यो काममा ठूलो उपलब्धि हासिल गरे । जस अनुसार पृथ्वीको वजन १३.१ सेप्टिलियन पाउण्ड रहेको छ ।

अहिले पनि केभेन्डिस सुत्रबाटै पृथ्वीको वजन मापन गरिन्छ । यसका बाबजुत वैज्ञानिकहरुबीच पृथ्वीको सही वजनलाई लिएर विवाद छ, असहमति छ । तथापि जबसम्म सही वजन थाहा हुँदैन, तबसम्म ५.९७२२ गुणा १०२४ केजी नै पृथ्वीको वजन हो ।

साहित्य

कविता

# महाकालीको किनारमा



✍डा.अमर गिरी

जेठको प्रचण्ड धूपमा
महाकालीको किनारमा छु म
जोडले चलिरहेछ हावा
हावामा उडिरहेछ नदीको बालुवा
बालुवासँगसँगै उडिरहेछन् पातहरू
हावाले उडाएको बालुवाबाट बचाउन आँखा
फर्किएको छु म हावा बहिरहेको दिशातर्फ ।

आफ्नै भूगोल भएर पनि
होइन कि जस्तो लाग्ने
अकथनीय पीडा बोकेर बाँचेको
छातीभित्र वेदनाको हुरी चले पनि
प्राय: बाहिर हाँसिरहने दोधारा-चाँदनी
नेपालको बाँकी भागसँग उसलाई जोड्ने
झोलुङ्गे पुलको छेउमा उभिएर
हेरिरहेछु उत्तरतिर
आँखामा आइरहेछ शारदा र टनकपुर ब्यारेजको
धमिलो धमिलो अनुहार
स्पष्ट भएर उभिइरहेछ इतिहासको चित्र
र त्यो जेठको घाम भएर दुखिरहेछ
मेरो छातीभित्र ।

वर्षौंपछि जेठको प्रचण्ड धूपमा
महाकालीको किनारमा छु म ।

कथा

# सहिदहरूको जुलुस



✍कृष्णराज खनाल

म जाँदै थिएँ । कहाँ जाँदै थिएँ, आफैँलाई थाहा थिएन । मिर्मिरे उज्यालो थियो । मलाई देखेर बसिरहेको एउटा मानव आकृति उठ्यो र मसिनो स्वरले सोध्यो, 'को हो, यो हाम्रो इलाकामा आउने ?' एकलासमा त्यो आवाज सुनेपछि म टक्क अडिएँ । अलिअलि डर पनि लाग्यो । त्यो आकृति मनजिकै आयो र भन्यो, 'तिमी नडराऊ । बरु भन को हौ ? कहाँबाट आएका हौ ?'

मेरो टाउकोमा एउटा रातो फेटा पनि थियो । मैले मुड्की उठाएर लाल सलामको अभिवादन गरेर भनेँ, 'म सहिद हुँ । नेपाल राज्यबाट आएको ।'

'ओहो, नेपालबाट ?'

'हो ।'

त्यसपछि उनले शिष्टाचारपूर्वक मलाई लिएर गए । आफूभन्दा पनि उच्च आसनमा लगेर बसाले । उनले देखाएको शिष्टताले मलाई लज्जाबोध भइरहेको थियो । यतिबेलासम्म मैले त्यो आकृति ठम्याइसकेको थिएँ ।

'म पनि त नेपालबाटै आएको हुँ । म आएको आठ दशकभन्दा बढी भइसक्यो,' आँखीभौँतिर चस्मा सार्दै त्यो मानव आकृतिले भन्यो । 'तपाईं आएको मिति मलाई थाहा छ । इतिहासका पानामा तपाईंको नाम पनि पढेको छु, तपाईंको कर्तव्य पनि सम्झन्छु । देशका खातिर तपाईंले गरेको योगदान र उत्सर्गका बारेमा मलाई भलीभाँती थाहा छ । राणाहरूको एकतन्त्रीय जहानियाँ शासनका विरुद्ध ज्यानको पर्वाह नगरी तपाईंहरूले गरेको सैर्षलाई हामीले कसरी भुल्न सक्छौं र ? त्यसैले तपाईंलाई म चिन्छु । तपाईं शुक्रराज शास्त्री त हो नि । अनि अरु तीनजना तपाईंसँगै सहादत प्राप्त गरी आएका योद्धा कमरेडहरू कहाँ हुनुहुन्छ त ?' मैले सोधेँ ।

'ऊ उतातिर पर्चा छाप्दै हुनुहुन्छ । लोकतन्त्र र प्रजातन्त्रको चिरस्थायीका लागि उहाँहरू यहाँ आएर पनि निरन्तर लागिरहनुभएको छ । म अलिक बुढो पनि भएँ । उनीहरू त युवा नै छन्, युवा कालमै यहाँ आए । बिचराहरू अहिले पनि निरन्तर लोकतन्त्र लोकतन्त्र भनिर हन्छन् । यहाँ आएर पनि कहिलेकाहीँ राणाहरूसँग झगडा परिरहन्छ । राणाहरू आरोप लगाइ रन्छन्, 'तिमीहरूले गर्दा त हो नि हाम्रो गाथगादी गएको, हामीले १०४ वर्ष लामो शासन गुमाएको । के गर्नु उता हुँदा पनि दुखै दिए, यता आएपछि पनि दुखै दिन्छन् ।'

'अँ, साँच्ची अहिले नेपाल राजेमा लोकतन्त्रको हालत कस्तो छ ?'

'लोकतन्त्र ? कस्तो लोकतन्त्र ?'

'हामीले रोपेको लोकतन्त्र वा प्रजातन्त्रको रूपको, रुखको कुरा गर्दै छु म ।'

खै के भनुँ, त्यो त बिरामी परेको छ । कुन दिन मर्छ थाहै छैन । त्यो रूप पनि छैन, त्यो रुख पनि छैन । तपाईंहरूले रोपेको बिरुवा अजङ्को होला, हराभरा होला, सबैलाई आनन्द देला भनेको त अहिले त्यसको जरा र हाँगा सबका सब सुकेका छन् । नेताहरूले सानैमा उखेले प्रजातन्त्रको रूप र बनाए कुरूप । तपाईंहरूका बारेमा प्रत्येक वर्ष सहिद गेटमा भव्य कार्यक्रम हुन्छ । प्रजातन्त्र, मानवाधिकार र नागरिक स्वतन्त्रताका लागिह जनताको मुक्ति र भुक्तिका लागि तपाईंहरूको योगदानको स्मरण प्रत्येक वर्ष राज्यले गर्र्ने गर्छ । तर अहँ, तपाईंहरूले दर्शाएको, तपाईंहरूले... ।

'त्यो विशाल हुल देखेर शास्त्रीजी एकपटक मजाले हाँस्नुभयो र सोध्नुभयो, 'कतिजना छन् ?' गणना त पक्कै पनि होला ।

'बालबालिका, युवायुवती, वृद्धवृद्धा सबै गरी हामी दुई हजार ६७४ जना छौँ । हो, यी सबै तपाईंहरूजस्ता सहिद होइनन्ह यी सबै मजस्तै सहिद हुन्, जसको योगदानको कदर र वर्णन कतै छैन ।


त्यो जुलुस नजिक नजिक आउँदैथ्यो । यताबाट शास्त्रीसँगै सहादत गरेका अरु तीनजना (धर्मभक्त माथेमा, दशरथ चन्द र गंगालाल) पनि आए । हामी सबैको जम्काभेट भयो । हामीले ती चारैजनालाई मुठी कसेर कमरेडियन अभिवादन गर्‍यौं । आपसमा अभिवादन साटासाट भयो । हामी सबैलाई थाहा थियो, ती पथिक सहिदहरूको बारेमा । उनीहरूले भनेजस्तै गरी हामी उनीहरूको पछिपछि लाग्यौँ ।

गोधूली साँझ भइसकेकाले चराहरूको चिर्बिराहटको मधुर स्वर आइरहेको थियो । हामी एउटा टहरामा पुग्यौं । टहरानजिकै चौर थियो, चौरमा भतेरको रामरमिता थियो । एकातिर भात पाकिरहेको थियो भने अर्कोतिर खसीबाखाको मासु । हामी सबैले त्यो भोज मिठो मानेर खायौँ । त्यसपछि विशाल ज्यान भएका धर्मभक्तनजिकै आएर भने, 'आउनुहोस् साथीहरू ! तपाईंहरूलाई स्वागत छ । अब हामीले एउटा असल राज्य बनाउनुपर्छ । एउटा धर्मराज्य बनाउनुपर्छ । हाम्रो संख्या थोरै थियो, अब तपाईंहरू मिसिएपछि हाम्रो विशाल साम्राज्य खडा भएको छ । तपाईंहरूले विगतमा के गर्नुभएको थियो, कसरी सहिद हुनुभयो ? त्यो सबै बिर्सेर अब हामी सबै मिलेर हामी बसेको क्षेत्रको उन्नयनमा लाग्नुपर्छ र यसलाई रामराज्य बनाउनुपर्छ । जहाँ शान्ति र समुन्नति हुन्छ, जहाँ हत्या र हिंसा हुँदैनह सुन र पुनका कुरा हुँदैनन् । जहाँ आहाराका कुरा हुन्छन्, महराका कुरा हुँदैनन् । आचारका कुरा हुन्छन्, भ्रष्टाचारका हुँदैनन् ।' यति भनेर उहाँ थचक्क आफ्नो आसनमा बस्नुभयो ।

त्यसपछि परर्रर ताली बज्यो । तर एकजना बिचमा उठे र भने, 'रामराज्य होइन, रामको राज्य होइन, यहाँ अब मार्क्सीय राज्य स्थापना हुनुपर्छ, गरिबको हातमा राज्यसत्ता हुनुपर्छह तब मात्र तपाईं र हामीबिचको विभेद अन्त्य हुन्छ । नत्र तपाईं र हाम्राबिच वर्ग सैर्ष चलिरहन्छ ।'

एकछिन सन्नाटा छायो । सुनसान भयो । चारैजना सहिदले आपसमा मुख हेराहेर गरे, कोही बोलेन । एकछिनपछि शास्त्रीजी आफैं बोले, 'तपाईंहरू मार्क्सीय राज्य स्थापना गर्ने हो भने ऊ त्यो परको क्षेत्रमा जानुस् र बस्नुस् । हामी हाम्रो बाटो लाग्छौं । कोही हामीसँग आउन मन छ भने आउनुस् ।' यति भनेपछि उनी मञ्चबाट उठे र आफ्नो क्षेत्रतिर लागे । अघि मिसिएको विशाल भिड चारजना सहिदको पछि लागेन । मुर्दावाद, मुर्दावाद भन्दै अज्ञात स्थलतर्फ हिँड्यो । म पनि त्यही भिडको पछिपछि लागेँ ।

चित्रकला



दिपशना थापा
कक्षा: १०, जी.एस. निकेतन मा.वि. हेटौंडा

यौन स्वास्थ्य

# बिहानीपख यौन सम्पर्क गर्दा हुन्छन् यति धेरै फाइदा

मानिसहरु रातको समयमै यौनसम्पर्क राख्न मन पराउँछन् साथै राख्ने गर्छन् । के यो शरीर, मनमस्तिष्कका लागि फाइदाजनक छ ? जसले यौन सम्पर्कलाई यौन प्यास मेटाउन माध्यम मात्र ठान्छ, जसका लागि यो समय ठीक उपयुक्त लाग्ला । तर, यौन सम्पर्कबाट शारीरिक तथा मानसिक फाइदा पनि लिन चाहन्छ भने अबदेखि बिहानको समयमा यौन सम्पर्क राख्ने बानी बसाले हुन्छ ।



हालै बेलफास्टको क्विन विश्वविद्यालयले गरेको एक सोधले दावी गरे अनुसार जुन दम्पतीले हप्तामा तीन पटक बिहानको समयमा यौन सम्बन्ध राख्छ, उनीहरु शारीरिक तथा मानसिक रोग लाग्नबाट धेरै मात्रामा बच्न सफल हुन्छन् ।

**बिहान यौन सम्पर्क राख्नाका फाइदा**

- नियमित रुपमा बिहान मात्रै यौन सम्पर्क राख्नाले रक्त संचारमा सुधार आउनुको साथै उच्च रक्तचापमा पनि कमी आउँछ ।
- यौन सम्पर्क सबैभन्दा उत्तम व्यायाम हो । यो प्रक्रियामा झण्डै तीन सय क्यालोरी शक्ति खपत हुन्छ । यो व्यायामले गर्दा शरीरको तौलमा नियन्त्रण राख्नुको साथै यी जोडीलाई मधुमेह रोग लाग्ने खतरा पनि निकै कम हुन्छ ।
- बिहान गरिने यौन सम्पर्कले माइग्रेन 'टाउकोको एउटा भागतिर मात्र कडा पीडा हुने रोग' निको गर्नमा ठूलो मद्दत गर्छ ।
- अमेरिकामा यौन सम्पर्कमा सक्रिय तीन सयजना महिलाहरुमा गरिएको अनुसन्धान अनुसार जुन महिलाको पतिले कन्डोम प्रयोग नगरिकन यौन सम्पर्क गर्छ, उसलाई शीघ्र पतनको समस्या निकै कम मात्रामा हुने गर्छ ।
- यौन प्रक्रियाले कपाललाई बलियो र चमकदार बनाउनका साथै यौन प्रक्रियामा उत्पन्न हुने हार्मोन इस्ट्रोजेन तथा अर्को हार्मोनले अनुहार म चमक तथा निखार ल्याउँछ ।
- स्कूल अफ मेडिसियनका सोधकर्ताहरुको अनुसार बिहान गरिने यौन सम्पर्कले महिलालाई गर्भावस्थाको अवधिमा हुने पीडाको असर एकदम न्यून रुपमा मात्र गर्छ ।
- यौन सम्पर्कको बेलामा शरीरमा उत्पन्न हुने हार्मोन टेक्टोस्टोरोनले हड्डी तथा मांशपेशीलाई बलियो बनाउँछ । यसले गर्दा हड्डी कमजोर भएर गल्ने रोग ओस्टियोपोरासिस लाग्ने सम्भावना पनि न्यून हुन्छ ।

**यौन सम्पर्कको बेला महिलाको मनमा कस्ता कुरा खेल्छन्**

मानव जिवनको लागि यौन महत्वपूर्ण पाटो हो । यौन सम्बन्ध पुरुष र महिलाबीचको प्राकृतिक आकर्षणको मुख्य कारण हो । तर यौन सम्बन्ध राख्दा महिला र पुरुषको मनमा कस्तो भाव आउँछ भन्ने विषयमा सबैलाई कौतुहलता हुन्छ ।

यस विषयमा धेरै अध्ययन भएका छन् भने लेख रचना समेत लेखिएका छन् । पछिल्लो पटक गरिएको एक शोधले महिलाले ओच्छ्यानमा के चाहन्छन् भन्ने विषयमा नयाँ तथ्य बाहिर ल्याएको छ । यौन विज्ञको सहभागितामा ७०० महिलामा गरिएको अध्यनबाट महिलाहरुले यौन सम्बन्धको बेला के सोंच्छन् भन्ने तथ्य बाहिर आएको हो ।

**यौन क्रिडामा पुरा ध्यान**

ओच्छ्यानमा हुँदा महिलाहरु आफ्नो पार्टनरले पुरै ध्यान यौन सम्बन्धमै देओस भन्ने चाहन्छन् । सर्वेमा सहभागी करिव ४२ प्रतिशत महिलाले आफूलाई ध्यान दिएको महसुस भए पुरुषको प्यार बढी अनुभव हुने बताएका थिए । आँखाको हाउभाउ, मुखको क्रियाकलाप, चुम्बन, ओंठमा चुम्बन वा संवेदनशील अंगमा स्पर्श यौन सम्पर्कको समयमा महिलालाई मनपर्ने अध्यनको निष्कर्ष छ ।

**पाक क्रिडा महत्वपूर्ण**

महिलाहरु यौन सम्पर्क शुरु हुनु अघि गरिने क्रियाकलापमा बढि चाख राख्छन् । पाक क्रिडाको माध्यमबाट आफूलाई पुरै उत्तेजित तुल्याएपछि मात्र यौन सम्पर्क शुरु होस् भन्ने महिलाको चाहाना हुन्छ । सर्वेमा सहभागी अधिकाँश महिलाले पुरुषहरु सेक्सको विषयमा अलि रचनात्मक हुनु पर्ने र महिलालाई तयार गर्ने कुरामा विचार गर्नु पर्ने बताएका थिए ।

**आनन्द र सन्तुष्टीबीच फरक**

किंसले इन्स्टिच्यूटले गरेको शोधमा महिलाले पनि पुरुष जस्तै कण्डम नलगाइ यौन सम्पर्क गर्दा बढी सन्तुष्टी हुने बताए । यद्यपी कण्डम लगाउँदा बढी सुरक्षित महसुस हुने उनीहरुको भनाइ थियो ।

**विस्तारै गरेको राम्रो**

यौन क्रिडाका लागि हतारिने पुरुष महिलालाई मन पर्दैन । उनीहरु आफ्ना संवेदनशील कोमल अंगमा पुरुषले दुख्ने गरी केही पनि नगरुन् भन्ने चाहन्छन् । संवेदनशील अंगसँग संवेदनशीलरुपमै प्रस्तुत भएको उनीहरुलाई मन पर्छ ।

**वातावरणको भूमिका**

शोधमा सहभागी अधिकांश महिलाले उपयुक्त मौषम वा वातावरण नबने यौन आनन्द लिन नसकिने बताए । चिसो मौसममा चिसा खुट्टा लिएर पुरुष यौन क्रिडा गर्न तयार भएपनि महिलालाई त्यसले गाह्रो हुने उनीहरुको भनाइ थियो । त्यसैगरी गर्मीमा सेक्सको चाहाना र आनन्द बढी हुने महिलाको अनुभव छ ।

**आसनको भूमिका**

यौन क्रिडामा आसनको भूमिका पनि महत्वपूर्ण हुने महिलाको भनाइ छ । शोधमा सहभागी महिलाका अनुसार सुताएर उनीहरुको तल २र३ वटा सिरानी राखेर यौन क्रिडा गर्दा महिलाले बढी सन्तुष्टी अनुभव गर्ने गर्छन् ।

तर सुतेका पुरुषमाथि चढेर यौन सम्पर्क गर्दा पनि मजा आउने उनीहरुको भनाइ छ । त्यसै गरी अधिकांश महिलाले डगी स्टाइल अर्थात महिला चार हात खुट्टा टेकेर बस्ने र पुरुषले पछाडीबाट यौन क्रिडा गर्ने पोजिसन सबै भन्दा आनन्ददायी रहेको बताए ।

**विभिन्न तरिका**

अष्ट्रेलियन सेक्स रिसर्चर जूलियट रिचटर्स भन्छन् सर्वेमा सहभागी पाँच जनामा एक महिला मात्र सामान्य तरिकाको सेक्सबाट चरम अवस्थामा पुगेका थिए । अधिकाँश युवतीहरुले पुरुषहरुले हात र मुखको प्रयोग बढी गरेको राम्रो बताए । ९० प्रतिशत युवतीले पुरुषले मुखको प्रयोग गरेपछि मात्र चरम आनन्दमा पुग्ने बताएका थिए ।

**हतार नगर्नुस्**

अधिकाँश पुरुषहरु महिलाको भन्दा पनि आफ्नो सन्तुष्टीलाई बढी ध्यान दिन्छन् । कतिपय अवस्थामा त महिला तयार नहुँदै पुरुष स्खलित हुन्छन् । सर्वेका क्रममा अधिकाँश माहिलाहरुले आफूहरु १० मिनेट भित्र चरम अवस्थामा पुग्ने तर पुरुष त्यतिन्जेल पनि हतारिने बताए ।

**संवेदनशील अंगको पहिचान**

महिला शरीर आफैमा संवेदनशील चिज हो । तर पुरुषहरु आफ्नै जस्तो गरेर महिलासँग ब्यवहार गर्छन् । सेक्सको शोधका क्रममा महिलाहरु योनीको माथिल्लो भित्री भागमा हुने नस्पटमा स्पर्ष भए निक्कै छिटो आनन्दित हुने पत्ता लागेको छ । नस्पटमा चलाउँदा महिला तयार हुने र छिटो चरम सीमामा पुग्ने शोधकर्ताको भनाइ छ । यसका लागि औंलाको प्रयोग महत्वपूर्ण हुन्छ ।

**थाकेको बेला वा निद्रामा महिला उत्तेजित हुँदैनन्**

पुरुषहरु अधिकांश समय यौनका लागि तयार रहेपनि महिलाको अलि फरक हुन्छ । उनीहरु थाकेको बेला वा निद्राको बेला उत्तेजित हुने सम्भावना निक्कै कम हुन्छ । त्यस्तै उनीहरु थाकेको बेला यौन आनन्दमा पुर्याउँछु भन्नु पनि मुर्खता हुन्छ ।

**रक्सी सेवन गर्ने चाहना**

यौन सम्पर्कपछि केही महिलालाई रक्सी सेवन गर्ने मन पनि हुन्छ । त्यो बेला उनलाई रक्सीले आफूलाई फाइदा गर्छ वा गर्दैन भन्ने थाहा हुँदैन । भोक लाग्नु : यौन सम्पर्कका क्रममा शक्ति खर्च हुन्छ । यसकारण तपाईको जोडीले भोक लागेको महशुस गरेका हुन्छ ।

**तपाईंप्रति सकारात्मक**

यदि यौन सम्पर्कका क्रममा तपाईले जोडीलाई सन्तुष्टी दिन सक्नुभयो भने उनले यौन सम्पर्कपछि तपाईप्रति सकारात्मक सोच्न थाल्छिन् । चाहे उनले यसको संकेत दिन पनि सक्छिन्, नदिन पनि सक्छिन् ।

**समय अभाव भएको महशुस**

महिला जोडीलाई यौन सम्पर्कका क्रममा समयलाई लिएर तपाईप्रति निकै अपेक्षा हुन्छ । उनले तपाईलाई खरो रुपमा उत्रेको देख्न चाहन्छिन् । नभए उनी निराश समेत हुन्छिन् ।

**यौन सम्पर्क एक काम**

कुनै महिला यौन सम्पर्कलाई एक महत्वपूर्णका कार्यका रुपमा लिन्छिन् । जुन पुरा हुने वित्तिकै आफ्नो अर्को काममा लाग्ने गर्छिन् ।

**यौन सम्पर्क गरेकोमा विश्वास नलाग्नु**

कयौं पटक महिलाहरुलाई आफूले कसैसंग यौन सम्पर्क गरेको कुरा पत्याउन गाह्रो पर्न सक्छ । यस्तो दुइवटा परिस्थितीमा हुन सक्छ । पहिलो, जब यौन सम्पर्क गर्ने व्यक्ति पहिलो पटक यौन सम्पर्क गरिरहेका छन् र दोस्रो, जब महिला जोडीलाई आशा गरे विपरित सम्पर्क भएमा ।

**दोस्रो पटक पनि गर्न सक्छौं ?**

कुनै बेला महिलाहरु यौन सम्पर्कबाट यति धेरै सन्तुष्ट हुन्छिन कि उनी अर्को पटकका लागि पनि तुरुन्तै तयार हुन्छिन् । त्यसका लागि आफ्नो जोडीको मन तान्न थाल्छिन् ।

# एक दिवसीय ब्याटिङ बिर्सिएको नेपाल

काठमाडौं/दोस्रो एक दिवसीयमा आयरल्याण्ड एले दिएको १७५ रनको लक्ष्य पछ्याएको घरेलु टोली नेपाल ए शुक्रबार १६.५ ओभरमा ६० रनमा अल आउट भयो ।

त्रिवि क्रिकेट मैदान, कीर्तिपुरको ब्याटिङ सहयोगी पिच, छोटो बाउन्ड्री, अनि घरेलु कन्डिसनमा यो प्रदर्शन आफैंमा लज्जास्पद हो । पहिलो खेलमा १५८ रनको लक्ष्य पछ्याएको नेपाल १३६ रनमा अल आउट भएको थियो । स्पिनर साहब आलमले ३७ रन बनाउँदै नेपालको शाख जोगाउन प्रयास गरेका थिए ।

ओडीआई टोलीका पहिलो रोजाईका भीम सार्की र आरिफ शेख नेपाल ए मा छन् । यू-१९ बाट आएका देव खनाल र अर्जुन साउद नेपाली टोलीमा पर्ने र बाहिरिने भएका छन् । विनोद भण्डारी टोलीका सर्वाधिक अनुभवी खेलाडी हुन् । पहिलो खेलमा अर्जुन कुमाल र दोस्रो खेलमा भएका नरेन भट्ट बाहेक अन्य १० जना नेपालको सिनियर टोलीबाट खेलिसकेका खेलाडी थिए ।

तर नेपालले ५० ओभरको खेलमा १०० रन बनाउन ठूलो संघर्ष गरेको छ । टी-२० क्रिकेटमा तीनमध्ये दुई खेलमा २०० रन बनाएको नेपाली ब्याटिङ एकदिवसीय खेलमा खुलेको छैन ।

**खराब सट छनोट र मानसिकता**

तीव्र गतिका बलर फिन ह्यान्डको इनिङको तेस्रो अफ साइडको बलमै देवले सेकेन्ड स्लिपमा स्टेफन डोहेनीलाई सहज क्याच सुम्पिन पुगे । गल्लीमा सट खेल्ने गलत योजनामा फसेका थिए ।

नरेन भट्ट डीप फाइन लेगमा क्याच आउट भए । नरेन पहिलो खेल र युवा खेलाडी हुँदा उनको प्रदर्शनमा प्रश्न उठ्दैन । नवौं ओभरमा अर्जुन र भीम आउट भएपछि नेपालको संघर्ष सुरु भएको थियो ।



अर्जुन बायाँ हाते स्पिनर म्याथ्यु हम्फ्रेजको अफ स्टम्प भन्दा धेरै बाहिरको बल रोक्न खोज्दा ब्याटको छेउमा विकेटकिपर निल रकबाट ५ रनमा क्याच भएका थिए । त्यसअघि निल रकले टप एज लागेको बल शून्यमा ड्रप गर्दै अर्जुनलाई जीवनदान दिएका थिए ।

अर्जुन आउट भएको पाँच बलपछि भीम पनि पेभेलिएन फर्किए । भीम २०२३ देखि पहिलो रोजाईमा खेल्दै २५ ओडीआई खलिसकेका छन् । टी-२० टोलीमा नपरेपछि नेपाल ए बाट खेलेका हुन् । भीमको कट सट सबैभन्दा मुख्य हतियार हो । हम्फ्रेजको केही टर्न भएको बल कट गर्न खोज्दा फस्ट स्लिपमा पिटर मुरबाट १७ रनमा समातिए ।

स्लिपमा दुई फिल्डर हुँदा भीम कट भन्दापनि सिधा ब्याटले खेल्ने रणनीति बनाउन सक्थे । पहिलो खेलमा शून्यमा आउट भएका उनले सोही अवस्थामा दोस्रो खेलमा जीवनदान पाएका थिए ।

हम्फ्रेजको अर्को ओभरमा आरिफ शेख शून्यमा लगातार दोस्रो खेलमा आउट भए । फ्रन्टफुटमा आएर रोक्न खोजे पनि लेग स्टम्पतर्फ केहि टर्न भएपछि आरिफ एलबीडब्लू धरापमा परे । ५१ ओडीआई खेलेका उनी सिनियर टोलीका मध्यक्रमका पहिलो रोजाईका ब्याटर हुन् । टी-२० मा आरिफले ९३, १४ र ४९ रन बनाएका थिए । टी-२० को लयलाई एक दिवसीयमा निरन्तरता दिन सकेनन् । आरिफ आउट हुँदा नेपाल १०.३ ओभरमा ३८-५ को अवस्थामा थियो ।

त्यो अवस्थाबाट जित्नलाई एउटा ठूलो साझेदारी चाहिन्थ्यो । रिजन ढकाल शून्य र साहब आलम १ रनमा आउट भए । सन् २००९ देखि नेपालको टोलीबाट खेल्दै आएका विनोदले कप्तानी इनिङ खेल्नु पर्ने थियो । १६औं ओभरमा थोमसको वाइड रेखा नजिकैको बल खेल्ने धुनमा उनी १६ रनमा फस्ट स्लिपमा क्याच आउट भएपछि अलिअलि जितको आशा त्यति अन्त्य भएको थियो ।

नेपाललाई हराउन पहिलो खेलमा ५ विकेट लिएका हम्फ्रेजले ४.५ ओभरमा १ मेडनसहित ८ रन खर्चेर ६ विकेट लिए । कप्तान विनोद भण्डारी ब्याटिङमै समस्या भएको बताउँछन् । '६० रनमा अल आउट हुनु र १५७ रन पूरा नगर्नुले मलाई ब्याटिङमै केहि समस्या छ जस्तो लाग्छ' एक खेल लगाडी नै भ्रमणकारी टोलीलाई सिरिज सम्पिएपछि कप्तान भण्डारीले भने, 'टेक्निकमा कुनै कमी छैन । सबै कुरा मानसिकता मात्रै हो ।

घरेलु टोलीको दुबै इनिङ हम्फ्रेजले ध्वस्त पारे । नेपाली खेलाडीले पछिल्लो समय सबभन्दा बढी अभ्यास र खेल बायाँ हाते स्पिनरविरुद्ध खेलेका छन् । नेपाल ए को एकदिवसीय टोलीमा बायाँ हाते स्पिनर (लेफ्टी) साहब आलम, सागर ढकाल र बसिर अहमद छन् । बेन्चमा रञ्जित कुमार छन् ।

सिनियर टोलीमा ललित राजवंशी खेल्छन् । अष्ट्रेलिया जानुअघि सुशान भारीले उत्कृष्ट प्रभाव छाडेका थिए । सूर्य तामाङदेखि हरेक प्रदेशमा बायाँ हाते स्पिनरले राम्रो गर्दै आएका छन् ।

कप्तान विनोद पनि आयरल्याण्ड एका हम्फ्रेज भन्दा धेरै राम्रो बायाँ हाते स्पिनर नेपालमा भएको बताउँछन् । 'रातदिन हामी बायाँ हाते स्पिनर बढी खेलेका हुन्छौं । घरेलु, क्याम्प, नेपाल र नेपाल ए मा पनि बायाँ हाते स्पिनर धेरै छन्' उनले भने, 'त्यहीं स्तरको स्पिनर उनीहरुसँग छ । अतिरिक्त अद्भुत केहि पनि छैन । त्यसलाई हाम्रा ब्याटरले ह्यान्डिल गर्न सकेका छैनन् । यो ब्याटरको लागि चिन्ताको विषय हो ।'

**टी-२० को योगफल बनाउन नसकेको नेपाल**

नेपाल ए ले तीन टी-२० खेलको सिरिज २-१ ले गुमाएको थियो । तर हारेपनि ब्याटिङमा गरेको उत्कृष्ट प्रदर्शनले धेरै समर्थकको मन जितेको थियो ।

पहिलो खेलमा २२३ रनको लक्ष्य पछ्याउनेक्रममा १९.३ ओभरमा २०१ रनमा अल आउट भयो । ओपनर लोकेश बमले ५६ बलमा ९ चौका र ८ छक्कासहित १०६ रनको शतकीय इनिङ खेलेका थिए । नेपाल १८९-३ को अवस्थाबाट नेपालले ७ विकेट मात्रै १२ रनमा गुमाएको थियो । जित्नलाई २४ बलमा ३५ रन चाहिंदाबाट नाटकीय रुपमा गुमाएको थियो ।

दोस्रो टी२० खेलमा २२५ रनको लक्ष्य पछ्याएको नेपाल १७.५ ओभरमा १८४ रनमा अल आउट भएको थियो । लोकेश २५, देव ४७ र विनोद २६ रनमा आउट भएका थिए । सुरुवाती ६ ओभरमा ८७/१ को अवस्थाबाट हारेको थियो ।

तेस्रो टी-२० खेलमा आरिफको ९३ रनको सहयोगमा नेपालले २१३ रन बनाउँदै ३ रनले विजयी भएको थियो । अम्पायरले अन्तिम ओभरमा २० रन चाहिँदा राशिद खानको पहिलो र अन्तिम नो बल सामान्य समर्थकले पनि छुटयाउन नसक्ने नदिएपछि नेपाललाई फादा भएको थियो ।

टी-२० मा राम्रो गरेका लोकेश एक दिवसीयमा छैनन् । अन्य सबै प्रमुख ब्याटर छन् । विनोद ब्याटर अझै टी-२० मुडमा हुँदा यस्तो भएको बताउँछन् । 'ब्याटरमा प्यासन नभएको हो । टी-२० सकिएको एकदिन विश्रामपछि एकदिवसीय खेलेको हो । उनीहरुमा पनि त्यस्तो प्यासन देखिएको छैन । टी-२० अलि बढी खेलेको मुडमा ब्याटर छन् जस्तो लाग्छ', उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

# मिटरब्याजीले तनाव दिएको थापाको आरोप

साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/हेटौंडा उपमहानगरपालिका-४ निवासी रमेश थापाले मिटरब्याजीले घरजग्गा हडपेर आफूलाई सुकुम्वासी बनाउन खोजेको बताएका छन् ।

हेटौंडामा पत्रकार सम्मेलनको आयोजना गरी थापाले मिटरब्याजीको कारण आफूहरुलाई ठुलो समस्या आएको बताए । आफूले देवी ढकाल गौतमसँग ३ लाख रुपैयाँ लिँदा आफ्नो घरबार सकिन लागेको बताए । ढकालका ज्वाई बिराट चौलागाईलाई अरुको जिम्मा बसेर २४ लाख कागज गरेकोमा उनीहरुले उल्टै मुद्दामामिला गरेको उनको भनाई छ ।

कृषि विकास बैंकमा काम गर्ने देवी गौतमले आफूहरुलाई ज्वाईले अपठ्यारो पारेको कारण आफूलाई धितो दिनपर्ने कुरा गरेपछि आफूले चौघडाको ७ धुर जग्गा चौलागाईको नाममा पास गरेर दिएको बताए ।

तर, त्यसको केहीदिनमा पुन: गौतमले आफूहरुको घरझगडा परेको भन्दै विराट चौलागाईको नाममा पुन: २४ लाखको चेक दिएको बताए । उनले चेक वाउन्स गरेपछि हुप्राचौरको साढे ५ धुर जग्गा समेत लगेको उनको भनाई छ ।

आफूले ३ लाख लिएको देवी गौतमलाई त्यो रकम तिर्न तयार रहेको तर, आफूले पास गरेर दिएको ७ धुर जग्गा फिर्ता गर्न अनुरोध गर्दा गौतमले उल्टै धम्काउने काम गरेको उनको भनाई छ । सरकारी बैंकमा काम गर्ने ब्यक्तिबाट त्यस्तो ब्यवहार हुने आफूले अपेक्षा नगरेको उनले बताए ।

आफूले गौतमलाई लिनु छ भने मन्दिरमा कसम खानुस म दशहजार गुना रकम तिर्न तयार भएको बताउँदा उनी सम्पर्कमा नआएको उनले बताए । आफूलाई अर्जुन गौतमले पनि फसाएको उनको भनाई छ ।

अर्जुनको चौघडामा रहेको २ कठ्ठा जग्गा किनेकोमा उनलाई आफूले ८ लाख रुपैयाँ दिएको पछि उनीसँग केही रकम र त्यसको ५० लाख बढी ब्याज दिँदा पनि उनले पनि आफूलाई मुद्दा हालेर आफ्नो जग्गा हडप्न खोजेको उनको भनाई छ ।

समस्या परेको समयमा आफूले सहयोग गरेको तर, उल्टै उनीहरुलाई आफूलाई मानसिक तनाव दिएर समस्यामा पारेको बताउँदै अब कानुनी प्रक्रियामा जान लागेको उनको भनाई रहेको छ ।

# बेलुवाबस्तीका घरटहरा हटाउन सूचना

साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/मनहरी गाउँपालिका-८ बेलुवा बगर अतिक्रमण गरी बनाइएका स्थायी र अस्थायी प्रकृतिका घरटहरा भत्काउने प्रक्रिया सुरु भएको छ । सडक डिभिजन हेटौंडाले आफ्नो स्वामित्वमा रहेको ती जग्गामा केही व्यक्तिले अतिक्रमण गरी घर बनाएको भन्दै ३५ दिनभित्र घरटहरा भत्काउन चेतावनीसहितको सार्बजनिक सूचना जारी गरेको हो ।

कान्तिपुर दैनिकको चैत २१ गतेको अंकमा ३५ दिनको समयाबधि दिएर घरटहरा हटाउन भनिएको छ । सूचना अनुसार आगामी २०८१ बैशाख २४ गतेभित्र घरटहरा भत्काएर जग्गा खाली गर्न भनिएको हो । सार्बजनिक सूचना अनुसार साबिक ज्यामिरे पन्चायत वडा नं ३ र वडा नं ४ मा पर्ने तथा हाल मनहरी गाउँपालिका-८ मा पर्ने ३४९ वटा कित्ता जग्गा खाली गर्न भनिएको हो । जसअनुसार साबिक ज्यामिरे पन्चायत वडा नं ३ अन्तर्गत ३३० वटा कित्ता र वडा नं ४ अन्तर्गत १९ वटा कित्ता रहेका छन् ।

सूचनालाई अटेर गरे जग्गा प्राप्ति ऐन २०३४ को दफा ३२ को उपदफा १ र २ अनुसार कारबाही गरिने कार्यालयले चेतावनी दिएको छ । २०५० सालको भीषण बाढी बस्तीमा पसेर तहसनहस पारेपछि सरकारले उल्लेखित कित्ताका जग्गाधनीलाई मुआब्जा दिएर ती जग्गा सडक विभाग बबरमहलको नाउँमा कित्ता काट गरी लालपुर्जा कायम गरेको थियो । यद्यपि अझै केही जग्गाधनीले मुआब्जा नपाएकाले आफ्नो जग्गा उपभोग गर्नेगरेको बताएका छन् ।

सडक विभाग बबर महलको नाउँमा रहेका ती जग्गा अतिक्रमण भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय हेटौंडामा उजुरी परेको थियो । उजुरीका सम्बन्धमा अख्तियारले कदम चालेपछि सडक डिभिजन कार्यालय हेटौंडाले आफ्नो स्वामित्वको जग्गा फिर्ता लिने प्रक्रिया अघि बढाएको हो । सार्बजनिक सूचनालाई अटेर गरे बल प्रयोग गरेर समेत जग्गा खाली गरिने सडक डिभिजन कार्यालयले जनाएको छ ।

# शिक्षा मन्त्रालयले जारी गर्‍यो कर्मचारी सरुवा मापदण्ड

काठमाडौं/शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कर्मचारीको पदस्थापन तथा सरुवा गर्न र कामकाजमा खटाउने सम्बन्धी मापदण्ड लागू गरेको छ ।

शिक्षा मन्त्रालय र मातहतका निकायको कामलाई चुस्त तथा व्यवस्थित बनाउन, कर्मचारीको नेतृत्व, सक्षमता, कार्य अनुभव, रूचि, दक्षताको आधारमा पारदर्शी एवम् अनुमानयोग्य रूपमा पदस्थापन, सरुवा तथा काज खटाएर सर्वसाधारणको सेवा प्रवाहलाई प्रभावकारी बनाउन भन्दै मापदण्ड जारी भएको हो ।

मापदण्डले प्रचलित निजामती सेवा सम्बन्धी कानुनमा उल्लेखित पदस्थापन, सरुवा तथा काज सम्बन्धी प्रावधान बमोजिम संघीय निजामती कर्मचारीलाई विभिन्न भौगोलिक क्षेत्रको अनुभव समेत दिलाउनका लागि कानुनमा निर्धारित क, ख, ग र घ वर्गका जिल्लाहरूमा पूरा गरेको सेवा अवधिलाई आधार मान्ने गरी सरुवाको आधार तय गरेको छ ।

पदस्थापन, सरुवा वा काज खटाउँदा निजको रूचि, योग्यता, दक्षता, अनुभव र संगठनको आवश्यकताबीच सन्तुलन कायम गर्ने र हालको पदमा भएको नियुक्ति वा बढुवाको जेष्ठता तथा कर्मचारीको कार्यक्षमता पनि आधारका रूपमा लिने मापदण्डमा उल्लेख छ ।

मापदण्डमा मन्त्रालयले कर्मचारीलाई हाल कार्यरत स्थानमा सम्पादन गरेको कार्यको मूल्याङ्कनमा उत्कृष्ट नतिजा प्राप्त गर्नेलाई सुगम स्थान वा निजको रूचिअनुसार पदस्थापन, सरुवा वा काज खटाउँदा प्राथमिकता दिने उल्लेख छ । प्राथमिकता दिंदा दुर्गम भौगोलिक क्षेत्रमा काम गरेको अवधिलाई प्राथमिकता दिनुपर्ने छ ।

प्राथमिकतामा अपांगता तथा दीर्घरोग भएका कर्मचारीलाई सुगम भौगोलिक स्थानमा पदस्थापन, सरुवा वा काज खटाउन सकिने र संघीय निजामती सेवामा रही जिल्लास्तरमा कार्यरत कर्मचारीलाई तोकिएको अवधि नपुगी केन्द्रस्तरमा सरुवा वा काजमा नखटाइने मापदण्डमा उल्लेख छ ।

'कुनै कर्मचारी अशक्त भएको भनी मेडिकल बोर्डले सिफारिस गरेमा वा दरबन्दी कटौतीमा परेमा वा मातृशिशु स्वास्थ्य संवेदनशीलताको अवस्था रहेमा वा कुनै कर्मचारीको कुनै कार्यालयमा विशेषज्ञ सेवा आवश्यक भएको जस्ता विशेष अवस्थामा सरुवा वा काजमा खटाउन बाधा पर्ने छैन,' मापदण्डमा भनिएको छ ।

केन्द्रस्तरमा पाँच वर्ष अवधि काम गरेको कर्मचारीलाई विशेष अवस्थामा बाहेक जिल्लास्तरका कार्यालय वा केन्द्रस्तरकै कार्यबोझ बढी भएका अन्य कार्यालयमा सरुवा गरिने वा काजमा खटाइने पनि मापदण्डमा बताइएको छ । यसरी सरुवा वा काज खटाउँदा जिल्लास्तरका कार्यालयमा खटाउन दिइने छ ।

मापदण्डअनुसार राजपत्र अनंकितका पदमा कार्यरत कर्मचारीलाई सम्भव भएसम्म घरपायक सरुवा गरिनेछ । त्यस्तै राजपत्र अनंकित कर्मचारीको पति/पत्नी सरकारी सेवामा भए एउटै जिल्लामा खटाइने पनि मापदण्डमा उल्लेख छ । 'लामो समय अध्ययन, असाधारण तथा अन्य बिदामा रहेका कर्मचारीहरूको दरबन्दी कार्यबोझ कम भएका कार्यालयमा सारिने,' मापदण्डमा भनिएको छ, 'यसरी दरबन्दी सार्दा कार्यालय प्रमुखको पदमा सारिने छैन ।'

नयाँ नियुक्ति भएका कर्मचारीलाई पदस्थापना गर्दा लोक सेवा आयोगको सिफारिसमा योग्यताक्रमलाई आधार लिइने र दुर्गम जिल्लाहरूमा एक वर्ष सेवा अवधि पूरा गरिसकेका कर्मचारीहरूलाई निजहरूको रूचि समेतलाई आधार मानी सुगम क्षेत्रको कार्यालयमा सरुवा गरिने जनाइएको छ ।

वैदेशिक अध्ययन अनुमति शाखामा एक वर्ष सेवा अवधि पूरा गरिसकेका कर्मचारीलाई उनीहरूको रूचि समेतलाई आधार मानी अन्य कार्यालयमा सरुवा गरिने उल्लेख छ । मापदण्डले कुनै पदमा सुरू नियुक्ति वा बढुवा भएर आउने कर्मचारीलाई योग्यता र अनुभवको आधारमा वैदेशिक अध्ययन अनुमति शाखा, छात्रवृत्ति शाखा र दुर्गम जिल्लाहरूमा पदस्थापन गर्ने व्यवस्था गरेको छ ।

शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखको हकमा पदस्थापन, सरुवा वा काज खटाउन राजपत्राङ्कित द्वितीय श्रेणी र राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृत इकाइ प्रमुख रहने जिल्लाको लागि खटाइने सम्बन्धमा इकाइ प्रमुखको सूची (रोस्टर) तयार गर्ने उल्लेख छ ।

सूचीमा समावेश भएकामध्ये उपलब्ध भएसम्म सम्बन्धित पदमा न्यूनतम तीन वर्ष सेवा अवधि पूरा भएका अधिकृतलाई इकाइ प्रमुखमा खटाउने र कुनै जिल्लामा इकाइ प्रमुखको पद रिक्त भै एक तहमुनिको कर्मचारीलाई जिम्मेवारी दिनु परेमा न्यूनतम पाँच वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीमध्येबाट कायममुकायम वा निमित्तको जिम्मेवारी प्रदान गर्न सकिने व्यवस्था पनि गरिएको छ ।

'कार्यालयमा एक तह मुनिको पदमा तीन वर्ष सेवा अवधि पूरा गरेका कर्मचारी नभएमा सो अवधिभन्दा कम अवधि भएको कर्मचारीलाई निमित्तको जिम्मेवारी दिन बाधा पर्ने छैन,' मापदण्डमा भनिएको छ ।

एउटा जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइको प्रमुख अर्को जिल्लामा सोही पदमा सरुवा गर्नुपर्ने भएमा निजको कार्यरत कार्यालयको कार्यसम्पादन स्तरलाई मध्यनजर गर्ने व्यवस्था पनि मापदण्डमा उल्लेख छ ।

मापदण्डअनुसार मन्त्रालय वा मातहतका कार्यालयमा अवधि पुगेका कर्मचारीले आफूले सरुवा हुन चाहेको कार्यालय उल्लेख गरी मन्त्रालय वा सम्बन्धित कार्यालयमा निवेदन दिन सक्नेछन् । कुनै कर्मचारीको काम, कारबाही व्यवहार वा आचरणको कारण कार्यरत पदमा राख्न उपयुक्त नभएमा जुनसुकै बखत सरुवा गर्न सकिने व्यवस्था पनि गरिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# उद्योगहरूमा १२ घण्टाभन्दा बढी लोडसेडिङ

काठमाडौं/नेपाल विद्युत् प्राधिकरणले देशभरिका उद्योगहरूमा १२ घण्टाभन्दा बढी लोडसेडिङ गर्न सुरु गरेको छ । १ अप्रिलदेखि भारतको खुला बजारबाट रातिको समयमा विद्युत् आयात बन्द भएपछि प्राधिकरणले उद्योगहरूमा १२ घण्टाभन्दा बढी लोडसेडिङ गर्न थालेको हो । कुनै-कुनै क्षेत्रमा १५ घण्टासम्म पनि लोडसेडिङ भइरहेको हो ।

भारतले मार्च अन्तिममा विद्युत् आयातसम्बन्धी सम्झौता नवीकरण गर्दा खुला बजारबाट दिनको समय मात्रै विद्युत् आयात गर्न पाउने किसिमको व्यवस्था गरेको छ । रातको समयमा नेपालले ग्यासबाट उत्पादित विद्युत् मात्रै आयात गर्न पाउँछ, जुन खुला बजार भन्दा महँगो पर्न जान्छ । ग्यासबाट उत्पादित विद्युत् प्रतियुनिट ८ देखि १० भारुसम्म पर्छ ।

महँगोमा विद्युत् आयात गरेर नेपालमा वितरण गर्नुभन्दा प्राधिकरणले उद्योगहरूमा लोडसेडिङ गरेको हो । 'भारतबाट राति विद्युत् किन्दा महँगो पर्ने भन्दै मुलुकलाई अँध्यारोमा राख्ने विकल्प प्राधिकरणले रोजेको छ,' एक उद्योगीले संचारकर्मीसँग भने ।

अहिले वीरगञ्ज क्षेत्रका उद्योगमा मात्रै होइन, सर्वसाधारणका घरमा पनि अनियन्त्रित लोडसेडिङ भइरहेको नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेश अध्यक्ष अशोककुमार टेमानीले बताए ।

'उद्योगहरूमा त दिनको कम्तीमा १२ घण्टा लोडसेडिङ भइरहेको छ, तर कुन बेला बत्ती जान्छ भनेर प्राधिकरणले अग्रिम जानकारी गराउँदैन,' उनले भने, 'सामान्यतया साँझ ६ देखि बिहान ६ बजेसम्म विद्युत् गइरहेको छ ।'

तर, कुनै क्षेत्रमा मध्यरात १२ देखि दिउँसो १२ बजेसम्म, कुनैमा साँझ ६ देखि बिहान ९ बजेसम्म पनि लोडसेडिङ भइरहेको उद्योगी बताउँछन् । अहिले मुलुकमा उद्योगलाई अनेक समस्या आइरहेका बेला विद्युत् कटौती पनि सामना गर्नुपरेको उनले बताए । 'उत्पादन बढाउन महँगो नै परे पनि विद्युत् उपलब्ध गराउनुपर्ने हो,' उनले भने ।

प्राधिकरणले लोडसेडिङ नै गर्नुपरे पनि तालिका नै निकालेर गरिदिए काम गर्न सजिलो हुने टेमानीले बताए । 'कुन बेला बिजुली जान्छ भन्ने विषयको जानकारी पहिले नै भयो भने उद्योगीले पनि कुन बेला उद्योग चलाउने, कामदार बोलाउने भन्ने योजना बनाउन पाउँछन्,' टेमानीले भने, 'अचानक विद्युत् जाँदा ठूलो समस्या भइरहेको छ ।'

उद्योग संगठन मोरङका निवर्तमान अध्यक्ष सुयश प्याकुरेल पनि तालिका विना लामो समय लोडसेडिङ हुँदा उद्योगी मारमा परेको बताउँछन् । 'विद्युत् कटौतीका विषयमा प्राधिकरणले तालिका बनाएर दिएको छैन,' उनले भने, 'एकदिन यति बेला काट्नू भन्ने निर्देशन छ भन्दै विद्युत् काट्छ, अर्को दिन अर्कै समयमा काट्छ ।' यसो गर्नुको सट्टा लोडसेडिङ तालिका नै निकालेको भए सजिलो हुने उनी बताउँछन् । 'घरमा जोडेको विद्युत् पनि गइरहेको छ, एकपटक काटिएपछि डेढ दुई घढण्टासम्म जाने गरेको छ,' उनले भने, 'विद्युत् लोड व्यवस्थापन गर्न त्यसो गरिएको होला । तर, उद्योगमा भने धेरै नै ठूलो समस्या छ ।'

प्रमुख औद्योगिक क्षेत्र मोरङ-सुनसरी, वीरगञ्ज-सिमरा, हेटौंडा, भैरहवा-बुटवल, नेपालगञ्ज लगायतमा दैनिक १२ घण्टाभन्दा बढी लोडसेडिङ भइरहेको उद्योगी बताउँछन् । भारतबाट रातको समयमा विद्युत आयात हुन नसक्दा साँझ ६ बजेदेखि १२ बजेसम्मको समयमा केही मात्रामा विद्युत कटौती गर्नु परेको नेपाल विद्युत प्राधिकरणका प्रवक्ता चन्दनकुमार घोष बताउँछन् । 'हामीले लोडसेडिङ नै भनेर गरेका छैनौं । तर, रातको १२ बजेसम्म लोड व्यवस्थापनमा समस्या परिरहेको छ,' उनले भने, 'मौसममा सहयोग गर्ने देखिएकाले यो समस्या पनि केही दिनमा समाधान हुने अपेक्षा छ ।'

पूर्वी क्षेत्रमा भने विद्युतको अभाव भन्दा पनि प्रसारण लाइनको समस्याले विद्युत कटौती भएको उनको भनाइ छ । 'पूर्वलाई जोड्ने प्रसारण लाइन निर्माणमा अवरोध भइरहेकाले समस्या भएको छ,' उनले भने । *(स्रोत: अनलाइनखबर)*

# 'पूजार सार्की', 'फर्की फर्की' र 'दान्भी' भिड्न लाग्नुको अन्तर्य




काठमाडौं/नेपाली फिल्मबीच भीडन्त नौलो होइन । यो नियति बनिसकेको छ । तर, अक्सर भीडन्त मितिको अभावले भन्दा पनि इगो साँध्न हुने गर्छ । कहिले, कहाँ, कोसँग चित्त बुझेको हुँदैछ, त्यसैको रिसमा फिल्म भिडाइने गरिन्छ । आगामी वर्षको जेठ १० गते अर्थात् बुद्ध जयन्तीमा पनि यही दोहोरिँदैछ । यो मितिमा 'पूजार सार्की', 'फर्की फर्की' र 'दान्भी' गरी तीनवटा फिल्म भिड्ने निश्चित भएको छ ।

यी तीनवटै फिल्ममा 'स्टार' कलाकार छन् । 'पूजार सार्की'मा कलाकारको 'लाइनअप' अझ बलियो छ । फिल्ममा तीन अभिनेताहरु आर्यन सिग्देल, प्रदीप खड्का र पल शाह मुख्य भूमिकामा छन् । उनीहरुले पहिलोपटक एकसाथ काम गरेकाले फिल्मप्रति धेरैको चासो देखिएको छ । 'फर्की फर्की'मा अनमोल केसी र जसिता गुरुङ छन् भने 'दान्भी'मा पूजा शर्मा एक्सन भूमिकामा देखिँदैछिन् ।

यी तीनवटा फिल्म एउटै मितिमा भिड्न लाग्नुको अन्तर्य गहिरो छ । मितिको अभावले यो भिडन्त हुन लागेको हो । यसलाई इगोको भिडन्तको रुपमा अर्थ्याउँदा अतिशयुक्ति हुँदैन । खासमा 'पूजार सार्की'को भीडन्त 'दान्भी'सँग नभइ 'फर्की फर्की'सँग हो । 'पूजार सार्की'का निर्देशक दिनेश राउत र 'फर्की फर्की' निर्माता रोहित अधिकारीको दुश्मनीका कारण यी दुई फिल्म भिड्न लागेका हुन् ।

दिनेश र रोहितले फिल्म 'छब्बीस करोड'मा सहकार्य गर्दै थिए । दीपकराज गिरी समूहसँग टिमअप हुनसक्ने चर्चा थियो भने स्क्रिप्ट लगभग पूरा भइसकेको थियो । तर, अन्तिम समयमा उनीहरुबीच सृजनात्मक मतभेद भएपछि गठबन्धन टुट्यो । त्यसपछि दुवैबीच पानी बाराबर छ । 'पूजार सार्की' र 'फर्की फर्की' भिड्ने निश्चित हुनु दिनेश र रोहितबीच दुश्मनीको परिणाम हो भन्दा गलत हुँदैन ।

जेठ १० गते 'दान्भी' आउन लाग्नुमा भने अनमोल र पूजाबीचको दुश्मनी मुख्य कारण हो । अनमोलले पूजाको एउटा फिल्ममा काम गर्ने सम्झौता गरेर पछि हात झिकेका थिए । जसले गर्दा पूजालाई ठूलो आर्थिक घाटा भएको थियो । त्यही रिस अब बक्स अफिसमा देखिन लागेको हो । 'दान्भी'लाई जेठ १० गते ल्याउन लाग्नुमा निर्माता र वितरकको भन्दा पनि पूजाको ठूलो भूमिका मानिएको छ ।

तर, 'दान्भी'ले मैदान छाड्न सक्ने चर्चा पनि चलिरहेको छ । बिहीबार पूजाले प्रदर्शन मिति उल्लेख नगरी फेसबुकमा पोस्टर सेअर गर्नु र शुक्रबार 'पूजार सार्की'को पोस्टर सेअर गर्दै 'दान्भी'का निर्देशक रुपेश तामाङले वितरक रोहित कट्टेललाई बधाई दिनुले पनि फिल्म पछाडि हट्न लागेको चर्चामा बल पुग्छ । 'पूजार सार्की'मा पल भएकाले पनि पूजा अब भिड्ने मनस्थिति देखिएकी छैनन् ।

'पूजार सार्की', 'फर्की फर्की' र 'दान्भी'को भीडन्त जुर्नुमा विदा पनि मुख्य कारण हो । किनकि, जेठ १० गते बुद्ध जयन्ती र जेठ १५ गते गणतन्त्र दिवसको विदा छ । यही दुईवटा विदा लक्षित गर्दै तीन फिल्म एकसाथ भिड्न लागेका हुन् । अन्य दिनभन्दा विदामा फिल्मको व्यापार केही राम्रो हुने गरेको छ । अब यी तीन फिल्ममध्ये बक्स अफिसमा कसले बाजी मार्छ, त्यो पखाईको विषय हो ।

*(स्रोत: फिल्मीखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# मकवानपुरगढीको वित्तीय प्रगति ४० प्रतिशत

साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/ मकवानपुरगढी गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ को हालसम्ममा ४० प्रतिशत बढी बजेट खर्च गरेको छ । पालिकाले चालु आर्थिक वर्षको तेस्रो चौमासिकको चैत्र १३ गतेसम्ममा ४० दशमलव १५ प्रतिशत खर्च गरेको हो ।




गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ को लागि ७० करोड ७४ लाख ६३ हजार ७७० रुपैयाँ बराबरको बजेट विनियोजन गरेकोमा गएको साउनदेखि चैत्र १३ गतेसम्म २८ करोड ४० लाख ८३ हजार १९२ रुपैयाँ खर्च गरेको छ । पालिकासँग अब ४२ करोड ३३ लाख ८० हजार ५७७ रुपैयाँ बजेट मौज्दात रहेको जनाएको छ ।

गाउँपालिकाले यस अवधिमा सबैभन्दा बढी बिज्ञान तथा प्रविधि क्षेत्रमा एक सय प्रतिशत, १० वटा क्षेत्रमा ३० प्रतिशतभन्दा बढी र ७ वटा क्षेत्रमा शुन्य बजेट खर्च गरेको छ । गाउँपालिकाले तथ्याङ्क प्रणालीतर्फ ८६.८३, शिक्षातर्फ ५६.९४, सामाजिक विकासतर्फ ५०.८, स्वास्थ्यतर्फ ४४.३६, अनुगमन तथा मूल्यांकनतर्फ ४०.६८, कार्यालय सञ्चालन र कार्यान्वयनतर्फ ३८.९३, पर्यटनतर्फ ३३.४६, युवा तथा खेलकुदतर्फ ३१.९१, यातायात पूर्वाधारतर्फ ३०.९९ र पूर्वाधार विकासतर्फ ३०.२६ प्रतिशत खर्च गरेको जनाएको छ ।

गाउँपालिकाले यस अवधिमा सहकारी क्षेत्र, वित्तीय क्षेत्र, संचार तथा सूचनाप्रविधि, वातावरण तथा जलवायु, विपद व्यवस्थापन, सुशासन प्रणाली र श्रम तथा रोजगारको क्षेत्रमा शुन्य बजेट खर्च गरेको छ । यस्तै उद्योग, योजना तर्जुमा र कार्यान्वयन, प्रशासकीय सुशासनको क्षेत्रमा ५ प्रतिशत भन्दा कम बजेट खर्च गरेको जनाएको छ ।

यसैगरी, गाउँपालिकाले यसै अवधिमा आन्तरिक स्रोततर्फ लक्ष्यको ८८ प्रतिशत राजश्व संकलन गर्न सफल भएको छ । गाउँपालिकाले आन्तरिकतर्फ ९ करोड ८९ लाख ८१ हजार ४७० आम्दानी हुने अनुमान गरेमा हालसम्म ८८.८४ प्रतिशत अर्थात ८ करोड ७९ लाख ३२ हजार ७८५ रुपैयाँ संकलन गरेको छ । गाउँपालिकाले हालसम्म समग्रमा भने ६४.४७ प्रतिशत आम्दानी गर्न सफल भएको जनाएको छ ।

यसैगरी, मकवानपुरगढी गाउँपालिकाले चालु आर्थिक वर्षको योजना भने बैशाखभित्रमा सम्पन्न गर्ने लक्ष्य लिएको जनाएको छ । गाउँपालिकाको कुल २१७ वटा योजनामध्ये हालसम्म ८० प्रतिशत अर्थात १६८ वटा सम्झौता गरि सकेको र ६३ वटा सम्पन्न भई भुक्तानीसमेत भईसकेको गाउँपालिकाका राजश्व, योजना तथा अनुगमन शाखाप्रमुख प्रकाश न्यौपानेले बताए । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र कार्कीका अनुसार बैशाख महिनाभित्र सबै योजना सम्पन्न गर्ने र आगामी वर्षको बजेट निर्माणमा लाग्ने गरी काम भइरहेको छ ।

# भ्यानको ठक्करबाट दुई विद्यार्थी घाइते

साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/हेटौंडा उपमहानगरपालिका-९ हनुमान मन्दिर अगाडिको सडकमा भ्यानले ठक्कर दिंदा दुई जना विद्यार्थी घाइते भएका छन् । घाइते हुनेमा तुल्सीमेयर ईङ्लिस बोडिङ स्कुलका विद्यार्थी १३ वर्षीया पाल्मु घलान र १० वर्षीय पाल्देन घलान रहेका छन् ।

पूर्वपश्चिम सडकखण्डमा वीरगञ्जबाट हेटौंडातर्फ आउँदै गरेको बा.प्र.०३-००१-ज ३८७ नम्बरको इभि भ्यानले बिहीबार दिउँसो घलान दिदीभाइलाई ठक्कर दिएर घाइते बनाएको बागमती प्रदेश प्रहरीले प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । तत्काल उद्दार गरी हेटौंडा अस्पताल लगिएको दुबैलाई थप उपचारको लागि नयाँ मेडिकल कलेज भरतपुर पठाइएको र अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ । ठक्कर दिने सवारी र चालक प्रहरीको नियन्त्रणमा रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

# हेटौंडा अस्पतालमा थन्किए उपकरण



साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/हेटौंडा अस्पताललाई दाताले उपलब्ध गराएको मुटुको परीक्षण गर्ने उपकरण थन्किएर रहेका छन् । बागमती प्रदेश सरकार मातहतको सो अस्पतालले मुटुरोगसम्बन्धी चिकित्सकको व्यवस्था गर्न नसक्दा अस्पतालको गोदाममा मुटुरोगको परीक्षण गर्न दाताले अनुदानमा उपलब्ध गराएको करिब एक करोड रुपैयाँ बराबरका उपकरण थन्किएका हुन् ।

रोटरी क्लबले ग्लोबल ग्रान्ड अन्तर्गत उपकरण सहयोग हेटौंडा उपमहानगरपालिकासँगको साझेदारीमा उपलब्ध गराएको थियो । रोटरी क्लब अफ मकवानपुरको समन्वयमा करिब आठ महिनाअघि ती उपकरण उपलब्ध गराइएको हो । रोटरी क्लब अफ मकवानपुरको वर्ष २०२४/२५ का अध्यक्ष अनिल अग्रवालले हेटौंडा अस्पतालको स्तरोन्नतिमा समेत सहयोग पुग्ने गरी लामो प्रयासमा मुटुको परीक्षण गर्ने उपकरण उपलब्ध गराइए पनि प्रयोगमा आउन नसकेको जानकारी दिए ।

उनले पछिल्लो समय हेटौंडा र आसपासका क्षेत्रमा मुटुका रोगी बढ्दै गएको र उनीहरुलाई हेटौंडामा नै परीक्षण र उपचारमा सहज होस् भनेर उपकरण प्रदान गरिएको बताए । उनले भने, 'अस्पतालले मुटुसम्बन्धी रोगको चिकित्सक समयमा व्यवस्था गर्न सकेन, अस्पताललाई चिकित्सक व्यवस्था गरी उपकरण प्रयोगमा ल्याउन पटकपटक आग्रह गरे पनि सुनुवाइ भएको छैन ।'

यसैबिच रोटरी क्लब अफ मकवानपुरले हेटौंडा अस्पताललाई थप उपकरण उपलब्ध गराएको छ । क्लबले मंगलबार आयोजित एक कार्यक्रममा ग्लोबल ग्रान्ड सहयोग अन्तर्गत सात लाख रुपैयाँ बराबरका दुई थान इसिजी मेसिन अस्पताललाई हस्तान्तरण गरेको हो । इसिजी मेसिन हस्तान्तरण कार्यक्रममा अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट श्रीधर अर्यालले मुटु परीक्षण गर्ने उपकरण अस्पतालमा रहेको आफूले अहिले जानकारी पाएको बताउँदै छिट्टै मुटुको परीक्षण अस्पतालमा गर्ने व्यवस्था गर्न प्रयास गर्ने बताएका थिए ।

# जापानमा पढ्न हेटौंडाकी लामिछानेलाई पूर्ण छात्रबृत्ति

साझाकुरा संवाददाता

हेटौंडा, २३ चैत/हेटौंडा उपमहानगरपालिका-५ कि समीक्षा लामिछानेले जापानमा पूर्ण छात्रबृत्तिमा पढ्ने अवसर पाएकी छिन् । उनलाई यो अवसर क्युसु मेडिकल भोकेशनल स्कुल जापानले दिएको हो ।

जापानको फुकोओकामा रहेको क्युसु मेडिकल भोकेशनल स्कुलले साकुरा आओका नर्सिङ कम्पनीको सहयोगर जापानमा र हेका हेटौंडामा सागर सापकोटा प्रमुख रहेको युनियस प्रालिको सहकार्यमा करिब ५० लाख नेपाली रुपैयाँ बराबरको छात्राबृत्ति सहित हेटौंडाकी लामिछाने जापान जाने भएकी हुन् ।

एक महिना अघिमात्र स्कल र कम्पनीको प्रतिनिधिले हेटौंडा आएर हेटौंडा उपमहानगर पालिकासँग यहाँको १९ वटा वडाको कम्तिमा १९ जना जापनिज भाषा अध्ययन गरेका विद्यार्थीलाई पूर्ण छात्राबृत्तिमा लैजाने प्रतिवद्धता ब्यक्त गरेअनुसार पहिलो चरणमा लामिछानेलाई यो अवसर प्रदान गरिएको सापकोटाले बताए ।

हेटौंडा उपमहानगर पालिका-५ वडा कार्यालयमा एक कार्यक्रमको आयोजना गरी पूर्ण छात्राबृत्ति प्राप्त गर्ने लामिछानेलाई वडाध्यक्ष सुशील घिमिरेले शुभकामना ब्यक्त गरे । अहिलेको शिक्षा विश्वब्यापी भएको भन्दै घिमिरेले लामिछानेलाई अवसर प्रदान गर्ने जापनीज स्कुल, कम्पनी तथा सहकार्य गर्ने हेटौंडा-५ निवासी सापकोटालाई धन्यवाद समेत दिए । अनलाईन मार्फत वडाध्यक्ष घिमिरे स्कुल तथा कम्पनीको प्रमुखसँग कुराकानी समेत गरेका छन् ।

कुराकानीको क्रममा स्कुलका प्रिन्सिपल हिरोसुके ताकेमोतोले नेपाली विद्यार्थी मेहनती रहेको बताउँदै नेपालीले जापानको भाषाको क्षेत्रमा उल्लेख्य उपलब्धी हाँसिल गरेको बताए । कुराकानीको क्रममा नर्सिङ कम्पनीका प्रमुख कोजी उचिनोले यहाँ आएका नेपालीहरु असाध्यै मेहनती र कामप्रति गम्भिर रहेको कारण आफुहरुले छात्रबृत्तिमा अवसर दिएको बताए ।

छात्राबृत्ति पाएको विषयमा कुरा गर्दै विद्यार्थी लामिछानेले आफूलाई यो अवसर दिएको जापानको स्कुल, कम्पनी तथा नेपालका सापकोटालाई धन्यवाद दिइन् । आफू जापान गएर अध्ययन पछि प्राप्त सीपको नेपाल फर्केपछि उपयोग गर्ने उनको भनाई छ । नेपालमा बसेर राम्रोसँग भाषा पढेमा जापानले नेपालीलाई पूर्णरुपमा छात्रबृत्ति दिन्छ भन्ने कुरा प्रमाणीत भएको भन्दै उनले जापान जान चाहने विद्यार्थीलाई भाषामा ध्यान दिन अनुरोध समेत गरिन् ।




Education is the real treasure

25 Years of Excellence in Education
Celebrating Silver Jubilee

**We are hiring...**

**Hetauda Academy**, a leading academic institution in Hetauda, offers a multifaceted learning environment to foster holistic development of children. Hetauda Academy is a student centric, parent-friendly and socially responsible academic institution that treats its faculty and staff with respect and dignity. We are looking for suitable candidates with proven competencies to work with young students in its various departments for the following positions:

1. **Secondary & Basic Level Faculty :** *Social Studies, Mathematics, Computer Science, English, Science, Nepali, 'Health, Physical & Creative Arts', English Phonics, Nepali Phonics*
2. **School Counsellor**
3. **Officers:** *Event Management, IT Administration, Human Resource*
4. **ECA Instructor :** *Art & Craft, Music, Dance, Yoga, Basket Ball, Table Tennis, Cricket, Football, Martial Arts, Swimming, Hand Writing*
5. **Assistants :** *IT Administration, Computer Operator, Front Desk*
6. **Hostel Staffs :** *Cook, Helpers, Gardener* **( भान्से, सहयोगी र माली )**

For further details, please visit **www.hetaudaacademy.edu.np/vacancy**

Strong command over written & spoken English and basic computing skills are mandatory for all above mentioned positions except 6. Preference will be given to well trained and experienced candidates in related areas.

There is no bar in remuneration and other benefits for deserving candidate. Interested candidates should send **CV** at ***hr@hetaudaacademy.edu.np*** with 2 references and expected salary not later than **9 April 2024**.

Only shortlisted candidates shall be called for the further selection process. Selection is open, fair, and competitive. Unnecessary job recommendations, by telephone or in-person, shall disqualify a candidate.

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना